## श्री उच्च अदालत विराटनगरमा दायर गरेको

## निवेदन–पत्र

विषयः उत्प्रेषण, परमादेश लगायत जे जो चाहिने आदेश जारी गरी पाऊँ ।

| | |
|---|---|
| जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नम्वर ११ अवस्थित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), कोशी प्रदेश कार्यालयको तर्फबाट सो कार्यालयका प्रदेश संयोजक मनोहरकुमार पोखरेल........................................................१ | निवेदक पक्ष |

विरूद्ध

| | |
|---|---|
| कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर........................................................................१<br>कोशी प्रदेश बाल अधिकार समिति, सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, विराटनगर....................................................................१<br>कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर...१ | विपक्षी प्रत्यार्थी |

मुद्दाः– उत्प्रेषणयुक्त परमादेश ।

म निवेदक बालअधिकार सहित समग्र मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा क्रियाशील संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) को तर्फबाट निम्न लिखित निवेदन गर्दछु ।

CamScanner

१. नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ.। उक्त संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्नु कोशी प्रदेश सरकारको समेत दायित्व हुनाले कोशी प्रदेश सरकारले वि.सं. २०७७।४।२५ गते देखि लागु गर्ने गरी बालबालिका संरक्षण ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनले बालअधिकार संरक्षण, प्रवर्द्धन तथा बालकल्याणका लागि विभिन्न संस्थागत संरचनाको व्यवस्था गरेको छ । हाल यो ऐन कार्यान्वयनमा आएको करीव ६ वर्ष पूरा भएको छ ।

२. कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७ मा भएका व्यवस्थाहरु मध्ये, अन्य प्रावधानहरुका अतिरिक्त, दफा १२ मा रहेको प्रदेश बालअधिकार समितिको गठन एक हो भने उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा १३ को खण्ड (ज) मा "प्रदेश भित्रका बालबालिकाको समग्र स्थिती, बाल अधिकार संरक्षण तथा हननको अवस्था, बैकल्पिक हेरचाहमा रहेका बालबालिकाको स्थिती र उनीहरुलाई उपलव्ध सेवाको गुणस्तर तथा प्रभावकारीताको अवस्था समेतलाई समेटी बार्षिक रुपमा प्रतिवेदन तयार गरी प्रदेश सरकारलाई बुझाउने" भन्ने रहेको छ तर ऐन कार्यान्वयनमा आएको ६ वर्ष व्यतित भैसक्दा पनि विपक्षी प्रदेश बाल अधिकार समितिले प्रदेश सरकारलाई एउटा पनि वार्षिक प्रतिवेदन बुझाएको छैन । विपक्षी कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्का विपक्षी कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले पनि उक्त प्रतिवेदन नबुझाएको सम्बन्धमा कुनै सोधखोज गरेको देखिदैन । यसले गर्दा सम्पूर्ण विपक्षीहरु कानूनले तोकिदिएको अनिवार्य दायित्व परिपालनामा उदासीन रहेको देखिन्छ । वाल अधिकारको एक महत्वपूर्ण स्तम्भ भनेको बाल सहभागिता (Child Participation) हो र बाल क्लवहरु बाल सहभागिताका लागि अति आवश्यक मञ्चहरु हुन् । यसैले कोशी प्रदेश बालबालिका संरक्षण ऐनको दफा ११ को उपदफा (४) मा "बाल क्लवहरुको एक प्रदेश स्तरीय सञ्जाल रहनेछ" भन्ने व्यवस्था रहेको छ तर ऐन कार्यान्वयनमा आएको ६ वर्षमा समेत विपक्षीहरुबाट बाल क्लवहरुको एक प्रदेश स्तरीय सञ्जाल गठन गर्ने कार्य हुन सकेको छैन जसले गर्दा कोशी प्रदेशमा बालबालिका सम्बन्धी नीति, कार्यक्रम, बजेट तर्जुमा गर्दा बालबालिकाको संस्थागत सहभागिता हुन सकेको छैन । यस्तै, ऐनको दफा १५ मा प्रदेश सरकारले एक बालकोष स्थापना गर्ने प्रावधान छ तर हालसम्म उक्त कोषको स्थापना भएको छैन । परिणामस्वरुप बाल बालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने काम ठोस रुपमा हुन सकेको छैन । सो ऐनको दफा ७ को उपदफा (१) मा "विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण लगायत आधारभुत अधिकार सुनिश्चित गर्न प्रदेश सरकारले आवश्यक

कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नेछ" भनि व्यवस्था गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिभाषा गरिएको छ जसमा विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुलाई समावेश गरिएको छ । कोशी प्रदेश बालबालिका संरक्षण ऐन कार्यान्वयनमा आएको ६ वर्ष पुरा हुन लाग्दा विपक्षीहरुले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाकोसंरक्षण लगायत आधारभुत अधिकार सुनिश्चित गर्न कोशी प्रदेश सरकारले आवश्यक कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने दायित्व पूरा गरेको देखिदैन ।

३. यसरी विपक्षीहरुले ऐनले तोकेको वैधानिक कर्तव्य (Statutory Duty) पूरा नगरेको र कानूनको शासन (Rule of Law) को सम्मान नगरेको कारणले गर्दा कोशी प्रदेशका सम्पूर्ण बालबालिकाहरुको बाल अधिकार उल्लङ्घन भईरहेको हुँदा बाल अधिकारको संरक्षण गर्ने गराउने उद्देश्यले निम्न बमोजिम आज्ञा, आदेश जारी गरी न्याय इन्साफ दिलाई पाउन नेपालको संविधानको धारा १४४ को उपधारा (१) र (२), न्याय प्रशासन ऐन, २०७३ को दफा ८ तथा उच्च अदालत नियमावली, २०७३ को नियम ४१ बमोजिम सादर निवेदन गर्दछु ।

(क) कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७ को दफा ७ को उपदफा (१) बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण लगायत आधारभुत अधिकार सुनिश्चित गर्न कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्न र ऐनको दफा १५ बमोजिम बालकोष स्थापना गर्नु भनि विपक्षी कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरको नाममा समय सीमा तोकी निर्देशनात्मक आदेश सहितको परमादेश जारी गरी पाउँ ।

(ख) कोशीप्रदेश बालबालिका संरक्षण ऐनको दफा १३ को खण्ड (ज) बमोजिम प्रत्येक वर्ष बालबालिका सम्बन्धी वार्षिक रुपमा प्रतिवेदन तयार गरी प्रदेश सरकारलाई बुझाउनु भनि विपक्षी कोशी प्रदेश बाल अधिकार समिति, सामाजिक विकास मन्त्रालयका नाममा समय सीमा तोकी परमादेश जारी गरी पाउँ ।

(ग) कोशी प्रदेश बालबालिका संरक्षण ऐनको दफा ११ को उपदफा (४) बमोजिम बाल क्लबहरुको एक प्रदेश स्तरीय सञ्जाल गठन गर्नु भनि विपक्षी कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका नाममा समय सीमा तोकी परमादेश जारी गरी पाउँ ।

CamScanner

४. निवेदन दस्तुर यसै साथ संलग्न छ।

५. प्रस्तुत रीट निवेदन दर्ता गर्न कानून व्यवसायी मुकरर गरेको छैन । पछि नियुक्त हुने कानुन व्यवसायीको बहसलाई यसै रीट निवेदनको अभिन्न अंग मानि पाउँ ।

६. संलग्न प्रमाण कागजः

क. अख्तियारनामा पत्र पाना १।

ख. रीट निवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी पाना १ ।

ग. कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७ को फोटोकपी पाना १।

घ. बालबालिका सम्वन्धी ऐन, २०७५ को सम्बन्धित दफाको फोटोकपी पाना ३।

ङ. इन्सेकद्वारा मिति २०८३।१।८ गते कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा पेश गरेको सूचनाको हक सम्वन्धी निवेदन पाना १ ।

च. कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले ईन्सेकलाई उपलव्ध गराएको मिति २०८३।२।७ को विवरण पाना ४ ।

७. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज, मनोहरकुमार पोखरेल

ईति संम्बत् २०८३ साल असार महिना ०४ गते रोज ०५ शुभम् ।

CamScanner